बाबासाहेब

# डा. अम्बेडकर

– लेखक –

## रत्न सुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

– प्रकाशक –

## बौद्ध संघ भक्तपुर

बौद्ध समंकृत विहार

Downloaded from http://dhamma.digital/

बाबासाहेब

# डा. अम्बेडकर


– लेखक –

रत्न सुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"


Dhamma.Digital


– प्रकाशक –

**बौद्ध संघ भक्तपुर**

बौद्ध समंकृत विहार


Downloaded from http://dhamma.digital/

प्रकाशकः

बौद्ध संघ भक्तपुर

बौद्ध समंकृत बिहार

दूधपाटी

प्रथम संस्करण १००० प्रति

(सर्वाधिकार सुरक्षित)

बु. सं. – २५३६

ने. सं. – १११२

बि. सं. – २०४९

ई. सं. – १९९२

मूल्यः– ५।–

मुद्रकः–

ओम प्रिन्टिङ्ग प्रेस

ओम बहाल काठमाडौं

फोनः– २२२४५७

Downloaded from http://dhamma.digital/



डा० आम्बेडकर

(सन् १८९१ – १९५६)

Downloaded from http://dhamma.digital/

# समर्पण

"बौद्ध संघ भक्तपुर" का संस्थापक संघ रत्न शाक्य–खौमाबहाल, भिमराज बज्राचार्य (वि.सं. १९९९-२०४२) इताछें, पूर्णचन्द्र शाक्य – इताछें, धर्म सुन्दर शाक्य (हाल भिक्षु धम्मशोभन स्थविर) – थालाछें र सिद्धि रत्न शाक्य – तेखाचो हरूमा ।

– रत्न सुन्दर शाक्य

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# एक दृष्टि

'बाबा साहेब अम्बेडकर' नाउँ दिइएको यो सानो पुस्तक हेर्ने सुअवसर लेखक भाइले मलाई भाषा शुद्ध गर्ने सिलसिलामा दिनुभयो। हेर्दाहेर्दै पुस्तक टुंगिएको चाल पाइएन। लठ्ठी टेकेको, चस्मा लगाएको गान्धीजीको शान्त मूर्ति चितुवा झैं भयंकररूपमा मेरो सामु खडा भयो। 'हिन्दू मुस्लिम सीख इशाई, आपस मे सब भाई भाई' यो पंक्ति धुंएओले छेदे झैं गरी कानमा पस्यो। अछूत नायक बाबासाहेब अम्बेडकरको साहसले भरिएको दुःखले छोएको मेरोमुटु सँग त्यो धुंएओ ठक्कर खान पुग्यो। शान्ति र अहिंसाको नारामा मानवता कहालिएको महसुस भयो। आफ्नै हिन्दू भाइलाई अछूतको नाममा शोषण उत्पीडन दिन पछाडि नहट्ने गान्धीजीको धर्म र चरित्रलाई यहाँ स्पष्ट अध्ययन गर्न पाइयो। आफ्नो धर्मको भाइलाई लत्याएर अरू धर्मबन्धुलाई भाइ भनी अगाडि बढेको पनि फोस्रो चालबाजी सिवाय केही होइन कि जस्तो मनमा खट्कियो। पुना पैक्टले छकिएका अम्बेडकरको जीवनीले राष्ट्रको सार्वभौमिकता र धर्ममा सामा-



Downloaded from http://dhamma.digital/

जिक न्याय पनि कहीं कतै विचलित हुँदोरहेछ भन्ने खायस हुन आए-को छ। अस्पृश्यता नमान्ने प्रोफेसर मित्र आफ्नी श्रीमतीको दबदबमा पानी बनेर मित्र अम्बेडकरलाई हिस्सपारेको नाटकीय घटनाले पुङ्माङ्ग पुरुषको परिचय दिएको ज्यादै आहत लाग्दो छ।

बाहरे समाज! संविधानले निषेध गरेको अस्पृश्यतालाई संविधान अन्तर्गतको सरकारी अड्डामा फायल राखिएको टेबिलसम्ममा छुआछूट-को आरक्षण। सार्वजनिक पोखरीको पानी छुन ५००० जवान सहित सत्याग्रह गरी गएका अछूटहरूमाथि स्त्री र बच्चा पनि नभनी घातकहमला गरी अमानुषिक मारपीट गर्ने ब्राह्मणदेवहरूको करतूतले उसको धर्मलाई नै धमिल्याइदियो भन्नै नरुचाउनेहरू आज पनि कहीं कतै छ भने त्यो राष्ट्रको दुर्भाग्य हो भनी ठोकेर भन्ने हिम्मत आजका सबै मानववादी-हरूलाई भन्न कर लाग्छ। अछूट कहिले मानिसले छोएको पानी अशुद्ध भयो भनी १०८ घडा जल तलाउबाट झिकी बाकी पानीलाई मंत्रोच्चा-रण गरी गंगाजल हालेर शुद्ध पारेको कुरा अवैज्ञानिकमात्र नभई के हास्यास्पद नै होइन त! डा. राजेन्द्रप्रसाद र सरदार बल्लभ भाई पटेल पर्यन्त 'हिन्दू कोड बिल' को विरुद्धमा रहे भने पं. जवाहरलाल नेहरूमात्र अछूतोद्धारमा अग्रगण्यरूपमा अमर हुन पुगेको छ। यस दृष्टि-बाट उनलाई पक्का राजनीतिज्ञमात्र होइन प्रजातन्त्रपक्षका उदारवादी हुन् भनी मान्न करै लाग्छ।

आफ्नो धर्मलाई सुधार गरी त्यही धर्ममा रहन चाहने अम्बेडकरलाई हिन्दूधर्म र समाजका प्रत्येक क्रियाकलापले बुद्धधर्ममा आत्मसमर्पण गर्न बाध्य गरायो। अम्बेडकरका यी घटनाले 'स्वधर्मे



Downloaded from http://dhamma.digital/

निधनं श्रेयः परधर्मो भयावह' भन्ने गीतावाक्यलाई पनि लोप्पा ख्वाइदियो। बाबासाहेबले भने– "मैले बुद्धधर्ममा आएको नरकबाट छुटकारा पाएको बराबर भएको छ।"

बुद्धधर्म कसैले बनाएर महान् बन्ने होइन, यो आफैंमा महान् छ। यो पुस्तकले यो कुरा सिद्ध गरेको छ। बुद्धधर्ममा अन्धभक्तपनलाई स्थान छैन, यो कुरा अम्बेडकरकै आग्रहबाट थाहा हुन्छ कि उनले यसरी व्यक्त गरेका छन्– 'मलाई कुनै अन्धभक्त चाहिँदैन, बुद्धधर्ममा आउन चाहनेले सोचेर बुझेर आउनुपर्छ ताकि यस धर्ममा सुदृढ रहन सकोस्।' अम्बेडकरले करोडौं अछूत सहित बुद्धधर्ममा प्रवेश गर्दा इशाई, मुस्लिम, जैन, सीख र आर्यसमाजी आदिले आफ्नो धर्ममा फर्कन ठूलो आग्रह गरे र प्रलोभन पर्यन्त दिए। यसले बुद्धधर्मको महानता कोट्याइरहन नपर्ने देखाइदियो। लेखक रत्नसुन्दर बुद्धधर्मको महिमा गाउन खप्पीस हुनुहुन्छ भन्ने कुरा यही एउटा पुस्तकले नै प्रमाणित गर्न सकिन्छ। आफूले बुद्धधर्मको व्याख्या नगरिकन नै त्यस धर्मको परिचय दिनु, प्रचार प्रसारमा कुशल रहेको कुरा सिद्ध हुन आउँछ। भारतको राष्ट्रिय प्रतीक कायम गर्नेमा गान्धीको 'चर्खा' प्रस्तावलाई पनि मात गरी राष्ट्रको प्रतीक 'धर्मचक्र' राख्न सक्नुमा अम्बेडकरको भारतमा कुन स्थान थियो भनिरहनुपर्दैन। यस्ता व्यक्तिको जीवनी सारा बौद्ध र मानवतावादीहरूको लागि ठूलो प्रोत्साहन हुन सक्छ।

यहाँ एक ठाउँमा उल्लेख भएको छ–'हिन्दूप्रणाली, हिन्दूसंस्कृति र हिन्दूसमाजको रक्षा गर्न चाहने हो भने त्यसका विकृत भएका पक्षलाई विनाहिचकिचाहट सुधार्नुपर्छ।' यो विचार हाम्रा परंपरावादी



Downloaded from http://dhamma.digital/

कट्टरपन्थी बुद्धधर्मालम्बीका लागि पनि हाँक र शिक्षा भएको छ। बुद्धधर्म त्यसरी विकृत भएर नरहुन् भन्नु हाम्रो कर्तव्य हो। देश समुन्नत हुनु भनेको संस्कृतिको रक्षामात्र होइन, दिल र दिमागको यथार्थ गुणको कारण हो भनी बाबासाहेबले लगाएको राष्ट्रेतर पोशाकसँग लंगोटी र धोतीको आवश्यकता नभएको बताएको बाट स्पष्ट हुन्छ। भारतीय पोशाक धोती लगाएर दिल दिमाग गुमाएर बस्नेहरूलाई यो खिल्ली उडाएको कुरा थोत्रो संस्कृतिप्रति वाणप्रहार हो र नेपालीको लागि पनि यो एउटा ठूलो शिक्षा र नमूना भएको छ।

भारतमा बुद्धधर्मका पुनरुद्धारक, पंचशील ग्रहण गरी बौद्ध बनेका भीमराव अम्बेडकरको बुद्धधर्मसँग गाँसिएको जीवनी प्रस्तुत गरिएको लेखकको विचार भाव सह्राहनीय छ। राष्ट्रको कुनैपनि धर्मको नाममा देशवासीको शोषण हुनु राष्ट्रकै इज्जतमा धब्बा लाग्न सक्ने कुरा सबै देशवासीले संवेदनशील भई सोच्नुपर्ने कुरा हो भन्ने यस बिवरणले कोट्याउँछ। लेखकको जागृत चेतनाले अरूलाई जागृत गराउन सक्ने अभिव्यक्ति साँच्चैको सह्राहनीय नै देखिन्छ।

बुद्धसम्वत् २५३६ — सुवर्ण शाक्य

वैशाखपूर्णिमा ओम् बहाल टोल, काठमाडौं



Downloaded from http://dhamma.digital/

# आफ्नो कुरा

बाबा साहेब डा० अम्बेडकरको संक्षिप्त जीवनी यहाँको समक्ष प्रस्तुत गर्न पाउँदा म निकै हर्षित छु।

यस जीवनीलाई मैले अम्बेडकर शताब्दी वर्ष (सन् १८९१–१९९१) मा नै लेखी पूर्ण गरेको थिए। तर विशेष कारणवश डेढ बर्ष पछि मात्र यस जीवनीलाई प्रेसमा पुऱ्याउन सफल भए।

आफ्नो व्याकरण कमजोरीको कारण यस जीवनीलाई भाषा-शंषोधन गर्न 'आनन्द भूमि' पत्रिकाका सम्पादक सुवर्ण शाक्यलाई अनुरोध गर्न गए। वहाँले मेरो अनुरोधलाई सहर्ष स्वीकार गर्नु भई अझ "एक दृष्टि" समेत लेखी दिनु भयो। अतः वहाँप्रति म विशेष रूपमा ऋणी छु।

बाबा साहेब डा० अम्बेडकरको बारेमा पुनः एक स्मरणीय कुरा, वहाँले ब्राह्मणबादको बारेमा यहाँ सम्म भन्नु भएको थियो कि ब्राह्मणबाद पूँजीवादको पर्यायवाची शब्द हो। वहाँको यस कथन वहाँकै शब्दमा लाई स्पष्ट पारौं–

"मेरे विचार मे यदि कार्लमार्क्स (सन् १८१८-१८८३) भारत मे पैदा होता और उसे अपना प्रसिद्ध ग्रन्थ "पूँजी" भारत मे रहकर लिखना पडता तो वह उसे दूसरे ढंग पर ही लिखता। वह ब्राह्मणबादके खिलाफ लिखता।"

वास्तवमा इतिहासकार एवं उच्च स्तरका इतिहासका विद्यार्थीहरूलाई पनि थाहा नभएको कुरा होइन कि नेपालमा



Downloaded from http://dhamma.digital/

लिच्छवीकाल, भारतमा मौर्यकाल र गुप्तकाललाई "स्वर्णयुग" मानिन्छ। ती युगहरूमा नेपाल एवं भारतको धार्मिक स्थिती यस्तो थियो कि सत्तापक्षका धर्मले कहिल्यै अन्य धर्म माथि हस्तक्षप एवं अत्याचार गरेको देखिन्दैन। स्वयम् सम्राट अशोकले पनि आफू बौद्ध धर्मानुयायी भएता पनि अन्य धर्मको निन्दा एवं अत्याचार गरेको देखिन्दैन। तर यहाँ............।

डा० अम्बेडकरको यस संक्षिप्त जीवनीबाट नै हिन्दू-धर्म (ब्राह्मणवाद) ले सदियों देखि देशलाई कंगाल गर्दै आइरहेको कुरा स्पष्ट हुन आउन्छ।

ब्राह्मणवादको प्रमुख ध्येय थियो– देशमा शोषकहरूको वृद्धि गर्नुको साथै तिनीहरूलाई यथावत स्थान दिई देशलाई जतिसक्यो त्यति थाँडो अफ्रिकाली मापदण्डमा पुऱ्याउनु।

यस पुस्तकको अध्यापनबाट कुनै एक जनाले मात्र भए पनि ब्राह्मणवादी सत्ताधारीहरूको करामत थाहा पाउन इतिहासको पाना पल्टाउँदै लगे, मेरो लेखन कार्य सफल भएको सम्झन्छु।

पुस्तक प्रकाशन गरिदिएकोमा "बौद्ध संघ भक्तपुर" प्रति आभारी छु, जस्मा आफू पनि एक कार्यकारिणी सदस्य छु। पुस्तक सन्तोषजनक रूपमा प्रकाशन गरि दिएकोमा "ॐ प्रिन्टिङ्ग प्रेस" परिवारलाई धन्यबाद छ।

**रत्न सुन्दर शाक्य**
थालाछे टोल
भक्तपुर– ४

३ जेष्ठ २०४९
बैशाख पूर्णिमा



Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

"हामीले हिन्दू-समाजमा समान दर्जा हासिल गर्न हरतरहले कोशिश गऱ्यो, तर सब वेकार। हिन्दू समाजमा समानताको लागि केही स्थान छैन।" — डा० अम्बेडकर

धर्मको नाममा जाँति-पाँतिलाई आधार बनाएर मानिसले मानिसमाथि गरिने शोषण उत्पीदनको बिरोध गर्दै कानूनी अधिकार एवं सामाजिक मान्यताको लागि जीवन-पर्यन्त संघर्ष गर्ने अमर व्यक्तित्वको नाम हो। ⟶ —डा० भीमराव रामजी अम्बेडकर

करोडौंको संख्यामा रहेको अछूतहरूको न्याय समानताको लागि वहाँले सरकार संग मात्र लडनु भएको थिएन बरु प्रजातन्त्रको दुहाई दिने राजनीतिक शक्ति एवं राजनेताहरूको गलत संस्कार र चिन्तनसंग पनि सघर्ष चलाउनु भयो।

यस्ता महान व्यक्तित्वको चिनारी दिने काम गर्नु भएर साथी रत्न सुन्दर शाक्य "परियत्ति सद्धम्मपालक" ले बौद्ध वाङमयको लागि समृद्ध गर्नुका साथै नेपाली साहित्य प्रति नै ठूलो गुण गर्नु भएको छ।

हाम्रो सामाजमा पनि धर्म र जाँति-पाँतिको नाममा शोषणको दान्हा गाडेर बस्ने कथित धर्मभिरूहरूको लागि प्रस्तुत पुस्तक एक झापड हुनेछ। यस्तो पुस्तकको लेखनीले सामाजिक एवं सांस्कृतिक संरचनालाई स्वस्थ बनाउनुका साथै राजनीतिक व्यवस्थालाई पनि सुदृढ एवं फराकिलो बनाउनमा सहायक सिद्ध हुनेछ।



Downloaded from http://dhamma.digital/

हामीलाई थाहा छ – विश्वको नमूना लोकतन्त्रको रूपमा रहेको भारत आजकल चरम अवस्थामा रहेको रूढिग्रस्त सामाजिक मूल्य मान्यताले आक्रान्त बनेको छ। जसको प्रभाव हाम्रो पनि देशमा पर्नु स्वाभाविक हो। कतिपय राजनीतिक दलहरूले सिंगो मानवको हित भन्दा पर रही धर्मलाई स्वार्थको खेती गर्ने आधार बनाएको देखिन्छ। यस्ताखाले दुःखद परिदृश्यबाट देशलाई टाढा राखी समानतामा आधारित समाज-व्यवस्था स्थापना गर्न डा० बी०आर० अम्बेडकरबाट थुप्रै प्रेरणा लिन सकिन्छ। साथी रत्न सुन्दर शाक्य यस प्रति सचेत एवं सम्वेदनशील भएको पाइन्छ। हुनत डा० अम्बेडकरको जीवनको शम्पूर्ण उद्‌घाटन प्रस्तुत पुस्तक नहोला, यद्यपि यसमा वर्णित घटना र डा० साहेबका भनाईले पाठकहरूलाई यथेस्त शिक्षा दिनेछ।

बौद्ध जगतमा आसलाग्दो व्यक्तिको रूपमा रहनु भएका साथी रत्न सुन्दर शाक्यको आफ्नो तेश्रो पुस्तकको रूपमा "बाबा साहेब डा० अम्बेडकर" को यो जीवनी पुस्ताकारको रूपमा "बौद्ध संघ भक्तपुर"ले प्रकाशन गर्न पाएकोमा हर्ष लाग्नु स्वाभाविक हो। यसको निमित्त रत्न सुन्दरजी धन्यवादको पात्र हुनुहुन्छ। वहाँको यो भन्दा अगाडिको दुई पुस्तकहरू "नेपालको इतिहासमा कलंकित घटना" र "भिक्षु धर्मालोक महास्थविर" भन्दा खोज र अन्वेषणको क्षेत्रमा प्रस्तुक ग्रन्थ बढी पठनीय र गहकिलो हुनेछ भनी विश्वास गर्न सकिन्छ। अस्तु।

– भवतु सब्ब मङ्गलं –

२०४९।१।३- वैशाख-पूर्णिमा
बौद्ध समंकृत विहार
भक्तपुर

त्रिरत्न शाक्य
अध्यक्ष
बौद्ध संघ भक्तपुर



Downloaded from http://dhamma.digital/

# बाबा साहेब
# डा० अम्बेडकर

२०१३ सालमा, नेपालमा विश्व बौद्ध भ्रातृत्व संघ (The World Fellowship of Buddhists) को चतुर्थ विश्व बौद्ध सम्मेलन भएको थियो । उक्त सम्मेलनमा ४२ वटा राष्ट्रका प्रतिनिधिहरूले भाग लिएका थिए र भारतबाट विशेष प्रतिनिधिको रूपमा बाबा साहेब डा० अम्बेडकर आउनुभएको थियो । वहाँको स्वागतार्थ उद्घोषक रहनु भएका विश्व बौद्ध भ्रतृत्व संघका संस्थापक अध्यक्ष डा० मलालशेखर (सन १८९९-१९७३) ले भन्नु भएको थियो- "म संसार भरका बौद्धहरूको तर्फबाट बाबा साहेब को स्वागत गर्न चाहन्छु किनकि वहाँले यस युगमा एक करिश्मा देखाउनु भएको थियो ।"

वहाँले देखाउनु भएका करिश्माहरू हुन-

१) सन १९२७ को सितम्बर महिनामा सार्वजनिक रूपमा नै डा० अम्बेडकर ले हिन्दूहरूको प्रमुख ग्रन्थ "मनुस्मृति" जलाई दिनु भएको थियो । मनुस्मृति हिन्दूहरूको पवित्र विधि विधान संग्रहको ग्रन्थ हो अर्थात वर्ण व्यवस्था (चातुर्वण) विधान संग्रह हो । वास्तवमा यो एउटा शूद्र र नारी जातिको घोर निन्दा नीतिको संग्रह हो ।

२) १३ अक्टोबर १९३५ का दिन, महाराष्ट्रको नासिक जिल्ला-



Downloaded from http://dhamma.digital/

को 'येवला' भन्ने स्थानमा धर्मान्तरण घोषणा गरी भन्नु भएको थियो

"दुर्भाग्य से मैं हिन्दू समाज मे माने गये एक अछूत परिवार मे पैदा हुआ, यह मेरे वश की बात नही थी। किन्तु हिन्दू धर्मको मैं न मानु और हिन्दू रहकर मैं मरूं नही यह मेरे वश की बात है"

३) वहाँ भारतीय संविधानका निर्माता थिए, जुन संविधानलाई राजनीतिक वैज्ञानिकहरूले "संसारका श्रेष्ठतम विधान" को रूपमा मानेका छन्। यस्तो संविधान तयार गर्नुभएको व्यक्तिलाई पनि हामी करिश्माको रूपमा लिन सक्छौ।

४) १४ अक्टोबर १९५६ का दिन नागपुरमा देखाउनु भएको महान कार्यलाई नै वहाँको अन्तिम र प्रमुख करिश्माको रूपमा लिन सकिन्छ, जुन दिन वहाँ लगायत वहाँका लाखौं (५ लाख भन्दा बढी) अनुयायीहरूले एक साथ कुशीनगरका वयोवृद्ध (८० बर्षका) ऊ. चन्द्रमणि महास्थविर (सन १८७६-१९७२) समक्ष त्रिशरण सहित पञ्चशील ग्रहण गरी "बौद्ध" हुनुभएको थियो।

यसरी बुद्ध निर्वाणको २५०० औं बर्ष (सन् १९५६-५७) मा सम्राट अशोक पछि बुद्धधर्मका महान् पुनरुद्धारक हुनुभएका बाबा साहेब डा० अम्बेकरको जन्म भारतको मध्य प्रदेश स्थित इन्दौर जिल्लाको 'महू' नामक ग्राममा १४ अप्रिल १८९१ का दिन एक हिन्दू, परन्तु अछूत मानिएका महार परिवारमा भएको थियो।

वहाँको प्रारम्भिक शिक्षा सतारामा भएको थियो प्रारम्भिक शिक्षाको समय देखि नै वहाँले छुवाछूत तथा जाँत-पातको तिव्रताको कारण कयौं अमानवीय व्यवहारहरू सहनु परेको थियो, जसको कारण वहाँको



Downloaded from http://dhamma.digital/

सुकोमल एवं भावुक मनमा हिन्दू धर्म प्रति बाल्यावस्था देखि नै रोष उत्पन्न भईसकेको थियो ।

वहाँको पिता रामजी सूबेदार नौकरीको दौरानमा सपरिवार सताराबाट बम्बई जानुभएको थियो । अतः डा० अम्बेडकरको पढाइ पनि सताराबाट बम्बईको एल्फिस्टन हाईस्कूलमा शुरू भयो, जुन सरकारी हाईस्कूल थियो । यस स्कूलका प्रधानाध्यापक एक अंग्रेज थिए । त्यसैले सतारामा जस्तो यहाँ हिन्दू विद्यार्थीहरूका तर्फबाट अपमान त्यति सहनुपरेको थिएन ।

सतारा स्कूलको संझनामा वहाँ बताउनु हुन्छ-

"मेरे स्कूलमे एक अब्राम्हण (मराठा) औरत थी । वह स्वयं अनपढ थी, परन्तु मुझे कभी छुती न थी । मेरी मां मुझे सिखाती थी कि मैं बडे लोगोको 'मामा' कहकर पुकारूँ । 'पोस्तमैन' को भी मैं 'मामा' कहकर पुकारा करता था । स्कूल मे मुझे एक दिन प्यास लगी । इसके लिये मैंने अपने मास्तर से कहा । मास्तरने चपरासीको बुलाकर यों कहा कि इसे नलपर ले जाकर पानी पिला लाओ । चपरासी ने नल खोला तो मैंने पानी पिया । चपरासी नहो रहता था तो बहुधा स्कूल मे 'प्यासा' ही रहता पडता था ।"

यसरी घोर अपमान, तिरस्कार सहदै वहाँले एल्फिस्टन हाईस्कूलबाट सन् १९०७ मा मैट्रिक पास गर्नुभयो । त्यस वेला सम्ममा अछूत परिवारका कसैले पनि मैट्रिक पास गरेका थिएनन्। त्यस कारण बम्बईका अछूतहरू मिली वहाँको सन्मानमा एक सभा को आयोजना गरिएको थियो जुन सभामा श्री कृष्णजी केलुस्कर



Downloaded from http://dhamma.digital/

नामक एक महानुभाव पनि थिए, जसले अम्बेडकरको सफलताबाट खुशी भई उपहार स्वरूप आफैले लेखेको भगवान् बुद्धको जीवनी "बुद्ध चरित्र" एउटा प्रदान गरेको थियो ।

बाबा साहेब अम्बेडकर यहाँ देखि बुद्ध र वहाँको धमबारे परीचित हुँदै जानुभएको थियो ।

मैट्रिक पास भएपछि कलेजको पढाईको निमित्त उही केलुस्कर महाशयको कृपाबाट छात्रवृत्ति प्राप्त गरी अर्थशास्त्र र राजनीति बिषय लिई भीमराव रामजी अम्बेडकरले बी० ए० पास गर्नुभयो ।

यसभन्दा उच्च शिक्षाको निमित्त पनि कृष्णजी केलुस्कर (बम्बई सिटी हाईस्कूलका हेडमास्टर) ज्यूले नै भीमराव अम्बेडकर लाई साथ लिई बडौंदाको शिक्षाप्रेमी महाराज सयाजीराव गायकवाडको सेवामा उपस्थित गराएको थियो, जसले एक सभामा घोषणा गर्नुभएको थियो कि कुनै एक तीक्ष्ण बुद्धिका अछूत विद्यार्थी भएमा विद्याध्ययनको निमित्त अमेरिका पठाउने प्रवन्धमा छु ।

श्री केलुस्करले त्यही कुरालाई याद गरी अम्बेडकरलाई वहाँ कहाँ लानु भयो र त्यहाँ उपस्थित अम्बेडकरका परिचय दिनु भयो । बडौदा महाराजले पनि अम्बेडकर सित एक, दुई वटा प्रश्न सोध्नुभयो जसको सन्तोषजनक उत्तर पाएकोले महाराजले शिक्षामन्त्रीलाई एक दरखास्त दिने सल्लाह दिनुभयो र त्यसको सूचना आफूलाई पनि अवगत गराउने कुरा सुनाउनु भयो ।

यसरी एक गुरू र शिक्षा प्रेमी महाराजको अनुकम्पाले २१



Downloaded from http://dhamma.digital/

जुलाई १९१३ का दिन अम्बेडकर न्यूयोर्क (Newyork) पुगी कोलम्बिया युनिवर्सिटीमा प्रवेश गर्नुभयो ।

त्यहाँबाट वहाँले सन् १९१५ मा "भारतका प्राचीन व्यापार" (Ancient Indian Commerce) नामक शोध ग्रन्थ लेखी एम० ए० डिग्री प्राप्त गर्नुभयो र सन् १९१६ मा "ब्रिटिश भारतमा प्रान्तीय अर्थ व्यवस्थाका बिकास" (The Evolution of provincial Finance in British India) नामक शोध ग्रन्थ प्रकाशित गर्नुभई पी० एच० डी० (Doctor of Philosphy) को डिग्री प्राप्त गर्नुभयो । यस शोध ग्रन्थबाट प्रभावित भई कोलम्विया युनिर्वसिटीका प्रोफेसर र विद्यार्थीहरू मिली वहाँको सन्मानमा पार्टी (Party) समेत दिएको थियो ।

यसरी कोलम्विया युनिवर्सिटीबाट पी० एच० डी० को उपाधि लिई "डाक्टर अम्बेडकर" हुनु भएपछि वहाँ लन्डन गई त्यहाँको बिश्वविद्यालय बाट अर्थशाश्त्रको सर्वोच्च डिग्रीको साथै बैरिस्टर (वकिल) पनि हुन चाहनु भएको थियो । अतः वहाँलाई कोलम्विया युनिवर्सिका एक अर्थशाश्त्रका प्रोफेसर सेलिङ्गमनको सिफारिसमा छात्रवृत्तिको म्याद दुई बर्ष बढाउनको निमित्त बडौदा महाराज कहाँ एक प्रार्थना पत्र पठाएको थियो जसको प्रत्युत्तर आउनु अगाडि नै डा० अम्बेडकर सन् १९१६ को जुन महिनामा लण्डन पुग्नुभयो ।

कोलम्विया विश्वविद्यालयबाट एम० ए०, पी० एच० डी० पद हासिल गरिसकेको हुनाले लन्डन युनिवर्सिटीमा सीधैं एम० एस० सी को परीक्षामा बस्न पाइयो । वहाँले एम० एस० सी० को निमित्त



Downloaded from http://dhamma.digital/

"रूपैयाँको समस्या" (Problem of The Rupee) नामक शोध ग्रन्थ तयार गर्न लागेको मात्र थियो बडौदा सरकारको तर्फबाट थप गरिएको एक वर्षको म्याद (छात्रवृत्ति) पनि सकिएको खबर प्राप्त भयो ।

अब पुन: छात्रवृत्तिको म्याद बढाउन नहुने भएपछि डा० अम्बेडकरले लन्डनको शिक्षालाई अधूरो पारी विवशतापूर्वक २१ अगस्त १९१७ का दिन बम्बई फर्कनुभयो । बम्बईबाट कठिनताका साथ बडौदा पुग्नुभयो, जहाँ १० वर्ष सम्म बडौदा राज्यको सेवा (नोकरी) गर्ने शर्त लिई विद्याध्ययनको निमित्त भीमराव अम्बेडकर ले अमेरिका प्रस्थान गर्नु भएको थियो ।

बडौदामा महाराजा सयाजीराव गायकवाडले डा० अम्बेडकर लाई सैनिक सचिवको पद दिनुभयो। तर रहनको निमित्त त्यही पुरानो समस्या रह्यो । वहाँलाई न त कुनै होटलमा रहन मन्जुर गरियो न त कुनै धर्मशालामा नै । बाहिर यस्तो समस्या थियो भन्ने सचिवालय भित्र पनि वहाँलाई दिनदिनै असह्य अपमान सहनु पर्दथ्यो । चपरासी समेतले पनि वहाँलाई छून हिचकिचाउँथ्यो । फाइल यता उता गर्ने काममा पनि वहाँको हातमा नदिई टाढै राखिदिन्थ्यो, फ्याँकिदिन्थ्यो। कहिले काही वहाँ आफै पनि उठेर गई अरूको टेबुल नजीक फाइल लिन जानुहुन्थ्यो । यसो गर्दा पनि अन्य टेबुलका अधिकारी उच्च वर्गीय (हिन्दूधर्मका) कर्मचारीहरूले विरोध गर्थे ।

यस्तो असह्य अपमान सहेर पनि वहाँले कयौं दिन रहनको निमित्त कहीं-कतै ठाउँ नपाउनाको कारण बडौदा पार्कमा रात



Downloaded from http://dhamma.digital/

बिताउनु भएको थियो। अन्तमा बिवश भई वहाँले "अदालजी सोराब" नामले पारसीनाम धारण गरी एक पारसी धर्मशालामा रहनुभयो।

केही दिन मैं भेद खुलिहाल्यो। वर्णन वहाँ के शब्दमा-
"मैं भोजनादि से निवृत होकर आफिस मे जाने के लिए होटल से निकला ही था कि १५-२० पारसी हाथों मे लाठियाँ लिये मुझे दिखाई दिये। उन्होंने मुझसे कहा तुम कौन हो ? मैंने उत्तर दिया हिन्दू हुँ। मेरे इस उत्तर से आपस मे किच - किच करके बोले- होटल से फौरन निकल जाओ।

मैंने उनसे शान्ति पूर्वक आठ घण्टेकी मोहलत माँगी, जिसे उन्होंने मंजूर कर लिया। मैं दिन भर अपने रहने के लिए स्थान ढुंढता रहा और जब कही जगह न मिली, तो मैं लाचार हो कर एक जगह बैठ गया और सोचने लगा कि अब मुझे क्या करना चाहिए। मेरा मन इतना उद्विग्न हुआ था कि मेरी आँखों से आँसू बहने लगे।"

वहाँले पुन: एक चोटी आफ्ना गुरुवर श्री कृष्णाजी केलुस्कर-लाई याद गर्नुभयो। अत: वहाँ बम्बई जानुभई वहाँको समु सारा वृत्तान्त सुनाउनुभयो। बडौदामा वहाँका एक जोशी नामक प्रोफेसर मित्र थियो जसले वहाँलाई आफूले अस्पृश्यता (अछूतपन) नमानेको कुरा बताईसकेपछि केलुस्कर महाशयले डा० अम्बेडकरलाई निवास स्थानको प्रश्न हल भएको कुरा बताउनुभयो।



Downloaded from http://dhamma.digital/

निराश भईभसकेपछि डा० अम्बेडकरलाई आशाको किरण देखाइदियो र वहाँ पुनः केलुस्करको पत्र लिई बम्बईबाट बडौदा पुग्नुभयो। स्टेशन मैं वहाँले उक्त प्रोफेसरको नोकरसंग भेटभयो र नोकरले एउटा सानो कागजमा लेखिएको पत्र डा० अम्बेडकरलाई दियो जसमा लेखिएको थियो-

"आप मेरे घर न आइये। मैं तो अस्पृश्यता नही मानता परन्तु मेरी पत्नी पुराने विचारों की है। उसको आपका घर मे रहना पसन्द नही है।"

पत्र पढना साथैं वहाँले बडौदाको सडकमा एक पाइला पनि राख्न चाहनुभएन अतः वहाँ बडौदाका राजा कहाँ गएर पनि सारा वृत्तान्त सुनाउनुभयो। वास्तवमा राजा समाजीराव गायकवाद-लाई डा० अम्बेडकरले सहेका ती अमानवीय घटनाहरूको जानकारी पहिले नैं अवगत थियो। जब आम्बेडकर आफैं आई सारा हाल सुनायो त वहाँ अत्यन्तै दुःखित हुनुभयो। राज्यमा फैलिएको हिन्दू धर्मको वर्ण व्यवस्था, छुवा-छूत जस्ता दूषित वायुमण्डलदेखि राजा गायकवाड, जो पूर्ण रूपमा एक प्रगतिशील विचारका समाज सुधारक थिए ले समेत अफशोष मात्र जाहर गर्न सके, अन्य कुनै पनि सहायता गर्न असमर्थ हुनुभयो र वहाँ डा० अम्बेडकरको त्याग पत्र (राजिनामा) स्वीकार गर्न भने समर्थ हुनु भयो। अतः डा० अम्बेडकरले आफ्नो सैनिक सचिवको पदबाट राजिनामा दिई बम्बई फर्कनुभयो।



Downloaded from http://dhamma.digital/

डा० अम्बेडकर एक कर्तव्य परायण व्यक्ति हुनाको कारण जसरी भए पनि शर्त मुताविक वडोदा राज्यको सेवा गरी ऋणबाट उऋण हुन चाहनुभएको थियो तर हिन्दूहरूको अमानवीय व्यवहारले वहाँले बडोदा राज्यको सेवा गर्न पाउनुभए वडोदामा वहाँले सहेका कयौं अपमानहरूले वहाँको जीवनको लक्ष्य निश्चित गरायो । त्यो हो, हिन्दू समाजबाट भइरहेको अन्याय अत्याचारको प्रतिकार गरी अस्पृश्योद्धार तथा अस्पश्यता निवारण गर्नु । वहाँले सोच्नु भयो कि वहाँ जस्तो उच्च शिक्षा प्राप्त व्यक्तिलाई नै अछूत हुनाको कारण त्यस्यो अमानुषिक दुर्व्यवहार सहन बाध्य गराउँछ भने अन्य गरिब र अनपढ अछूतहरूलाई कति अपमान सहनु परे होलान् ।

वहाँले दृढ संकल्प गर्नुभयो कि यदि वहाँले अछूतोद्धार गर्न सकेन भने, सदियौं देखिको कुसंस्कारको फलस्वरूप अछूतहरूको आफ्नो क्षुद्रताको भावनालाई नष्ट गरी मनुष्यताको पाठ सिकाउन नसके वा अस्पृश्यतालाई निवारण गरी हिन्दू समाजबाट भइरहेको अन्याय तथा अत्याचारबाट अछूत समाजलाई बचाउन नसके आफ्नो ज्ञान साधनाको मूल्य नै नहुने वा जीवनको सार्थकता नै नरहेको जस्तो हुनेछ भन्ने बिचार गरी त्यसैको निमित्त आफ्नो जीवन अर्पण गर्ने निश्चित गर्नुभयो ।

तर वहाँको लण्डनको अधूरो शिक्षा पूरा गर्न बाँकी नै थियो । त्यसैले वहाँ नोकरीको तलासमा घुम फिर गर्दै हुनुहुन्थ्यो पैसाको कमीको कारण लण्डनको शिक्षा अधूरो हुन गएको थियो ।



Downloaded from http://dhamma.digital/

एक दिन (डेढ वर्ष जति बडो कष्टमय जीवन व्यतीत गरिस-पछि) डा० अम्बेडकरलाई थाहा भयो कि बम्बईको सरकारी सिडेनहॅम कलेजमा अर्थशास्त्रको प्रोफेसरको पद खाली छ । वहाँले तुरुन्तै दरखास्त दिनुभयो र सिफारिशको निमित्त एक पत्र लर्ड सिडेनहॅमलाई पनि लेख्नुभयो' जो बम्बईका भूतपूर्व गवर्नर थिए, जसलाई लण्डनमा वहाँले भेटघाट गरी सक्नुभएको थियो ।

वहाँको सिफारिस पत्र पाउनासाथ ११ नवम्बर १९१८ देखि वहाँ सिडेनहॅम कलेजमा अर्थशाश्त्रको प्रोफेसर हुनुभयो । वहाँको मासिक वेतन ४५०।- रूपिया निश्चित भयो ।

आकर्षक व्यक्तित्व, गहिरो अध्ययन र अद्भूत विश्लेषणशक्ति हुनाको कारण वहाँ तुरुन्तै विद्यार्थीहरूको प्रिय प्रोफेसर हुनुभयो । वहाँको लेक्चर सुन्न अन्य कलेजका विद्यार्थीहरू पनि सिडेनहॅम कलेज-मा उपस्थित हुन्थ्यो तर त्यहाँ पनि अस्पृश्यताको भावना यथावत् थियो । कलेजका सवर्ण हिन्दू प्रोफेसरहरूले वहाँलाई आ-आफ्नो ग्लास (जलपात्र) बाट पानी पिउनबाट वञ्चित गराइ दिएको थियो ।

डा० अम्बेडकर डेढ वर्ष जति अर्थशाश्त्रको प्रोफेसर हुनु भएपछि ५ जुलाई १९२० का दिन पुन: आफ्नो अधूरो शिक्षा पूरा गर्न लण्डन प्रस्थान गर्नुभयो । लण्डनबाट वहाँले एम. एस. सी., डी. एस. सी. र वार. एट. लाँ को उपाधि प्राप्त गरी १४ अप्रिल १९२३ का दिन बम्बई फर्कनुभयो ।

लण्डन जानु अगाडि वहाँले कोल्हापूरका राजा छत्रपतिको सल्लाहनुसार अछूतहरूको दृष्टिकोण प्रस्तुत गर्न ३१ जनबरी १९२०



Downloaded from http://dhamma.digital/

का दिन देखि पाक्षिक रूपमा "मूकनायक" नामक पत्रिकाको प्रकाशन शुरू गर्नुभएको थियो ।

लण्डनबाट फर्कनु भएपछि सन् १९२३ को जून महिनादेखि बम्बईको हाईकोर्ट (उच्च न्यायालय) मा वकालतको काम शुरू गर्नु भयो-जुन जीविकोपार्जनको निमित्त मात्र थियो।

२० जुलाई १९२४ का दिन वहाँले बम्बईमा "बहिष्कृत हितकारिणी सभा" को स्थापना गरी अछूतोद्वारको आन्दोलन शुरू गर्नुभयो। यस सभाबाट "बहिष्कृत भारत" नामक पत्रिका पनि प्रकाशित गर्नु भएको थियो।

डा० अम्बेडकर सन् १९२६ देखि सन् १९३४ सम्म बम्बई विधानपरिषदको मनोनीत सदस्य पनि हुनुभएको थियो । यस समयावधिभित्र वहाँले लण्डनमा भएको पहिलो र दोश्रो गोलमेज सम्मेलन (Round Table Conference) मा अछूतहरूको प्रतिनिधित्व गर्नु भएको थियो, साथै यसै समयभित्र वहाँले कयौं सत्याग्रहहरू पनि गर्नु भएको थियो, जसमा प्रमुख यी हुन्-

(१) महाड सत्याग्रहः- २० मार्च १९२७ का दिन महाड स्थित चोंदार तलाउमा कुनै पनि अछूतलाई त्यहाँको पानी प्रयोग गर्न रोक लगाईराखेकोमा पाँच हजार जति अछूतहरूको एक सभा गराउनुभई सभापश्चात् आफ्नै नेतृत्वमा त्यस तलाउमा पानी पिउन (छुन) जानु भएको थियो। त्यस बेला त्यहाँ उच्च वर्गका ब्राम्हण-हरूले जुन अमानुषिक हमला गरेका थिए, त्यो दृश्य अति नै



Downloaded from http://dhamma.digital/

दर्दनाक, रोमांचकारीको साथै कृतघ्नता पूर्ण थियो। ब्राम्हणहरूले अछूत स्त्रीहरू र बच्चाहरू सम्म पनि भनेनन् जसलाई जहाँ-जहाँ देख्यो, त्यहीं मारपीट गर्दै लगे। त्यस दिनको घटनामा केही सवर्ण गुण्डाहरूले डा० अम्बेडकर माथि पनि आक्रमण गरी घाइते तुल्याएका थिए।

त्यस महाडको तलाउलाई पछि पाखण्डी, धूर्त ब्राम्हणहरूले शुद्ध गर्नको निमित्त १०८ घडा जल तलाउबाट झिकी बाहिर फ्याँकी मन्त्रोचारण गरी गंगाजल हालेर शुद्ध गरेका थिए।

(२) नासिक सत्याग्रह:- २ मार्च १९३० का दिन डा० अम्बेडकरको अध्यक्षतामा अछूतहरूको एक वृहत सभा नासिकमा भएको थियो जहाँ वहाँले सत्याग्रहको घोषणा गर्नुभएको थियो। त्यस दिन दिउँसो ३ बजे अछूतहरूको एक ठूलो जुलूस बडो अनुशासित ढंगले कालाराम मन्दिर तर्फ बढेको थियो। जुलुसको अगाडि सैनिक बैण्डबाजा थियो भने त्यसको पछाडि स्काउट, स्काउट पछाडि पाँच सय सत्याग्रही अछूत स्त्रीहरू र त्यसको पछाडि हजारौं अछूतहरूको नियन्त्रित भीड थियो। यस्तो अनुशासित जुलुस नासिकको निमित्त अपूर्व थियो। जुलुस मन्दिर अगाडि पुग्नासाथ पण्डाजीहरूले मन्दिरको द्वार बन्द गरिदिए। जुलुस मन्दिरअगाडि गोदावरीघाटमा पुगी आमसभामा परिणत भयो र त्यहीं सवर्ण हिन्दूहरूले अछूतहरूलाई ढुंगा हानाहान गरी क्रूरतापूर्ण व्यवहार गरे।

डा० अम्बेडकरले आफ्नो जीवनमा ठूलो जमातका साथ यही दुइवटा सत्याग्रह गर्नुभएको थियो। 'महाड सत्याग्रह'- सार्वजनिक



Downloaded from http://dhamma.digital/

तलाउ (पोखरी) मा पानी अछूतहरूले पनि लिन सक्ने अधिकार प्राप्त गर्नको निमित्त थियो भने 'नासिक सत्याग्रह'- मन्दिरमा देवता-को दर्शन गर्न पाउने अधिकारको निमित्त थियो। दुइटै सत्याग्रहमा सवर्ण हिन्दूहरूले अछूतहरूको अधिकारलाई स्वीकार गरेका थिएनन् बरू यसको बदलामा सवर्ण हिन्दूहरुले डा० अम्बेडकर लगायत कयौं अछूतहरूलाई सख्त घायल सम्म पनि गरिदिएका थिए। महाडको प्रश्नलाई डा० अम्बेडकरले अदालतमा गई कानूनद्वारा केही वर्षबाद सफलता हासिल गर्नुभएको थियो भने नासिकको प्रश्न ५ वर्षबाद कानूनद्वारा नै हल भएको थियो।

डा० अम्बेडकर र वहाँको विचारधाराको घोर विरोध पूर्ण रूपमा महात्मा गान्धी (सन् १८६९-१९४८) लगायत केही कांग्रेसी नेताहरूले गरे। कांग्रेसी नेताहरू रूढीवादी हिन्दू मनोवृत्तिका व्यक्ति-हरू हुन भन्ने कुरा अहिले नेपालको संविधानका सन्दर्भबाट पनि स्पष्ट भएको छ जुन कुरा डा० अम्बेडकरको पाला देखि याथावत थियो।

१२ नवम्बर १९३० देखि लण्डनमा भएको पहिलो गोलमेज सम्मेलनमा डा० अम्बेडकरले आफू भारतको जनसंख्याको पाँचौं भाग (त्यसताका ६ करोड) को प्रतिनिधित्व गरिआउनुभएको कुरा बताउँदै भन्नु भएको थियो कि भारतमा अछूतहरूको स्थिति ब्रिटिश राज्य स्थापना हुनु अगाडि जस्तो थियो, त्यस्तै हुनाको कारण ब्रिटिश राज्यको बिरुद्ध आफू असन्तोष भएको कुरा बताउनु भएको थियो। वहाँले त्यसबेला विभिन्न बिदेशी पत्रपत्रिकाहरूमा लेख दिनु



Downloaded from http://dhamma.digital/

भई संवाददाताहरूसित, भेटघाट गरी विभिन्न देशका कूटनीतिज्ञ-हरूसित पनि विचार विमर्श गरी भारतमा हिन्दू धर्म तथा हिन्दू समाजमा व्याप्त ऊँच-नीच, भेदभाव, अन्याय अत्याचारको वर्णन स्पष्ट रूपमा बताउनु भएको थियो।

१९ जनवरी १९३१ मा पहिलो गोलमेज सम्मेलनको समाप्ति पछि २७ फरवरी १९३१ का दिन वहाँ वम्बई पुग्नुभयो। बम्बईबाट वहाँ दलित जातिको छात्रालयको प्रबन्ध देख्न अहमदाबाद गएको बेला कांग्रेसीहरूले वहाँलाई कालो झण्डा देखाएका थिए।

सन् १९३१, सेप्टेम्बर ७ देखि लण्डनमा पुनः दोश्रो गोलमेज सम्मेलनको आयोजना गरिएको थियो जसमा सामेल हुनुअगाडि आ-आफ्नो राय स्पष्ट रूपमा जान्नको निमित्त महात्मा गान्धीले डा० अम्बेडकरलाई भेटन चाहेका थिए जस अनुसार १४ अगस्ट १९३१ का दिन डा० अम्बेडकरले महात्मा गान्धीलाई अहमदाबादको मणिभवनमा भेटन जानु भयो।

त्यसबेला महात्मा गान्धीले बात-चितको दौरानमा भन्नुभएको थियो-

"गोलमेज परिषद् में आपके कार्य कि जो रिपोर्ट मुझे मिली है, उससे मैं जानता हूँ कि आप एक महान् देशभक्त हैं।"

प्रत्युत्तरमा डा० अम्बेडकरले भन्नुभयो – "देशभक्त बनने के लिए आवश्यक है कि आदमी किसी देशको अपना देश कह सकें। जिस देशके सार्वजनिक स्थानों से मुझे पानी तक नहीं पिने दिया जाता, उस देशको मैं अपना देश कैसे कह सकता हूँ, तो भी मैं



Downloaded from http://dhamma.digital/

अपने देशके हित के विरुद्ध कोई भी काम न करके अछूतों के हित मे जो कुछ मुझ से हो सकेगा, वह सभी कुछ करूँगा।"

त्यस दिनको बातचितमा डा० अम्बेडकरले पहिलो गोलमेज सम्मेलनमा, मुसलमानहरूको पृथक प्रतिनिधित्व जस्तै अछूतहरूको पनि पृथक प्रतिनिधित्व हुनपर्ने कुराको पनि जानकारी महात्मा गान्धीलाई दिनुभएको थियो। तब गान्धीजीले भन्नु भयो –

"मैं हिन्दूओं से पृथक अछूतोंको राजनैतिक अधिकार देनेको विरुद्ध हूँ। यह तो हिन्दूओं के लिए एक प्रकार मे आत्मघात करना होगा।"

तब अम्बेडकरले भन्नुभयो –

"आपके स्पष्ट मत के लिए मैं आपका कृतज्ञ है। हम दोनों की स्थिति स्पष्ट हो गई। मैं आपसे विदा लेता हूँ।"

डा० अम्बेडकर १५ अगस्ट १९३१ का दिन गोलमेज सम्मेलनको निमित्त लण्डन प्रस्थान गर्नु भयो र १९ अगस्टको दिन महात्मा गान्धी, पण्डित मदन मोहन मालवीय र सरोजिनी नायडु लण्डन पुग्नुभयो।

त्यस दोश्रो गोलमेज सम्मेलनमा गान्धीजीले आफू र कांग्रेस पक्षले सन् १९२० देखि नै अछूतोद्धारको कार्यक्रम राजनैतिक कार्यक्रमको रूपमा नै शुरू गरिसकेको कुरा अवगत गराएका थिए, जुन धारणा बिलकुल गलत थियो सिर्फ कांग्रेसको राजनैतिक स्वार्थ पूरा गर्नको निमित्त मात्र चलाइएको थियो।



Downloaded from http://dhamma.digital/

अत: डा० अम्बेडकरले यसको सही दृष्टान्त दिन एउटा ग्रन्थ नै तयार गरी प्रकाशित गर्नुभयो ।

त्यो हो -

"What Congress and Gandhi have done to The Uutouchables"

यसको हिन्दी अनुबाद पनि "कांग्रेस और गान्धीने अछूतों के लिए क्या किया ?" को रूपमा उसबेला देखि नै प्रकाशित भइ सकेको थियो ।

१ दिसम्वर १९३२ का दिन दोश्रो गोलमेज सम्मेलन सकिए-पछि डा० अम्बेडकर ५ दिसम्वरका दिन लण्डनबाट अमेरिका प्रस्थान गर्नुभयो र २९ जनवरी १९३२ का दिन वहाँ बम्बई पुग्नु भयो । महात्मा गान्धी पनि २८ दिसम्वरका दिन बम्बई पुगेका थिए । जनताहरूले गान्धीजीको शानदार स्वागत गरेका थिए तर हजारौं अछूतहरूले वहाँलाई कालो झण्डा देखाई विरोध प्रकट गरेको थिए । पहिलो गोलमेज सम्मेलनबाट फर्कनु भएको बेला कांग्रेसी-हरूले डा० अम्बेडकरलाई देखाएको कालो झण्डाको बदला यसपटक अछूतहरूले महात्मा गान्धीलाई देखाएका थिए ।

२६ मई १९३२ का दिन फेरि एकचोटि डा० अम्बेडकर लण्डन जानुभई केबिनेटका मुख्य-मुख्य व्यक्तिहरूसित भेटघाट गरि हिन्दू (एवं कांग्रेसी) हरूको गलत तरिकाको पूर्णरूपमा सारा पर्दाफास गरी अछूतहरूको पृथक प्रतिनिधित्वको लागि जोड दिनुभयो । वहाँ १७



Downloaded from http://dhamma.digital/

अगस्ट १९३२ का दिन बम्बई पुग्नुभयो र ३ दिन पछि २० अगस्टका दिन ब्रिटिश प्रधान मन्त्रीले साम्प्रदायिक निर्णय (Communal Award) को घोषणा गर्नु भयो । यो अम्बेडकर र अछूतहरु को ठूलो बिजय थियो । अब अछूतहरूलाई पनि पृथक निर्वाचनको अधिकार मिल्यो साथै आमनिर्वाचननमा मत दिने र उम्मेदवार हुने अधिकार प्राप्त भयो ।

तर, गोलमेज सम्मेलनमा आफू पनि अछूतों द्वारका एक प्रमुख यक्तिको रूपमा घोषणा गरेका हिन्दू धर्मका पृष्ठपोषक, ठेकेदार, २० औं शताब्दीका महान् हिन्दू नेता महात्मा गान्धीलाई अछूतहरूलाई पाएको त्यस अधिकारबाट असहय भयो । वहाँलाई सन् १९३१ मा गोलमेज सम्मेलन पछि लण्डनबाट फर्कनुभएको केही समय पछि वहाँमाथि शंका गरी अंग्रेज सरकारले गिरफ्तार गरी यरवडा जेलमा राखेको थियो । वहींबाटै महात्मा गान्धीले साम्प्रदायिक निर्णय (अछूतहरूलाई दिएको अधिकार) को विरुद्ध ब्रिटिश प्रधान मन्त्रीलाई एक धम्की पत्र पठाएको थियो, जसमा यदि ब्रिटिश सरकारले त्यो घोषणा भइसकेको साम्प्रदायिक निर्णयलाई रद्द गरेन भने आफूले २० सितम्बर १९३२ देखि आमरण अनशन शुरू गर्ने कुरा उल्लेख गरिएको थियो ।

गान्धीजीको त्यस पत्रलाई ब्रिटिश प्रधान मन्त्रीले पनि स्पष्ट रूपमा उत्तर दिएको थियो कि सरकारले फैसला गरेको निर्णय सबै जातिको हकको ख्याल गरेर नै गरेको हो, अतः त्यसमा केही परिवर्तन गर्न चाहे गान्धीजी स्वयम् वा अन्य कोही हिन्दूले पहिले



Downloaded from http://dhamma.digital/

गम्भीर बिचारक थे। अत: अम्बेडकरने उनका (बौद्ध-पुस्तक) गम्भीर अध्ययन किया इसमें सन्देह नहीं।''

यसरो अन्तमा डा० अम्बेडकरले अन्य धर्महरुको काफी अध्ययन मनन् (गवेषण) गरिसकेपछि आफ्नो संस्कृतिबाट पनि बाहिर (अलग्ग) जान नपर्ने, ऐतिहासिक तथा राष्ट्रियतामा पनि घातक नहुने आदि कारणहरुको काफी सोच-बिचार गरिसकेपछि मात्र बुद्ध-धर्म स्वीकार गर्नु भएको थियो।

उता, राजनैतिक क्षेत्रमा पनि वहाँले प्रगति गर्दै लगेका थिए। सन् १९३६ को अगस्त महिनामा वहाँले चुनावको निमित्त "स्वतन्त्र मजदूर दल" (Inde pendent Labour Party) को स्थापना गर्नु भएको थियो कुन दलको तर्फबाट १७ फरवरी १९३७ मा भएको प्रान्तीय विधान सभाको चुनाव (प्रादेशिक चुनाव) मा १७ जवान उम्मेदवारहरु मध्ये १५ जवानले विजय हासिल गरेका थिए। डा० अम्बेडकरले यो पार्टी बिशेषत: बम्बई प्रदेशको निमित्त बनाइनु भएको थियो।

वहाँको राजनैतिक सूझ-बूझ, अद्भुत विश्लेपणशक्ति, आदि बाट प्रभावित भई दिल्ली स्थित गवर्नर जनरल (वायसराय) ले डा० अम्बेडकरलाई २ जुलाई १९४२ का दिनदेखि केन्द्रीय कार्य-कारिणी समितिमा नियुक्त गर्नु भई श्रम-विभाग सुम्पेको थियो, अत: वहाँ त्यस बेला देखि "मजदूर मन्त्री" हुनुभएको थियो।

डा० अम्बेडकर वायसरायको कार्यकारिणी सदस्य भइसकेता पनि ब्राम्हणवादीहरुले वहाँलाई अपमान गर्ने काम छाडेको थिएनन्।



Downloaded from http://dhamma.digital/

वहाँ चुनावको दौरानमा 'पुरी' जानुभएको थियो। स्थानीय सरकारी पदाधिकारीहरूका साथ वहाँ प्रसिद्ध जगन्नाथको मन्दिर हेर्न जानु भएको थियो। पुजारीहरूले साफ-साफ भनिदिए - "यो मन्दिर अछूत-हरूको प्रवेशको निमित्त -खुल्ला छैन।"

यो खुल्ला अपमान गर्ने साहस पण्डाजीहरूको आफ्नो इच्छाले मात्र गरेको नभई त्यसताका प्रमुख हिन्दूमनोवृतिका कांग्रेसी नेताहरूको पनि इच्छा अनुरूप थियो किनकि डा० अम्बेडकर एक पटक होइन, कयौं पटक कांग्रेस र गान्धीको प्रखर, मुखर तथा कटु आलोचकको रूपमा आइसक्नु भएको थियो।

तैपनि कांग्रेसका एक प्रमुख नेता पण्डित जवाहरलाल नेहरूले स्वतन्त्र भारतको पहिलो आफ्नो मन्त्रिमण्डलमा कानून मन्त्रीको निमित्त डा० अम्बेडकरलाई चुन्न (नियुक्त गर्नु) भएको थियो। पं. नेहरू एक महान् कुशल राजनीतिज्ञ थिए। डा० अम्बेडकरको कानूनी विशेषज्ञ, विश्व कानूनका मर्मज्ञ तथा भारतीय कानूनका महान् विशेषज्ञ हुन् भन्ने कुरा नेहरूलाई सही रूपमा अवगत थियो।

त्यसैकारण जवाहरलाल नेहरूले कांग्रेस विरोधी नेता भए-तापनि योग्य व्यक्ति हुनाको कारण मन्त्रिमण्डलमा डा० अम्बेडकर-लाई स्थान दिई आफ्नो महान् उदारताको साथै कुशल राजनीति-ज्ञताको परिचय दिनुभएको थियो।

१५ अगस्त १९४७ का दिन भारत स्वतन्त्र भएको २ हप्ता पछि २९ अगस्त १९४७ का दिन डा० अम्बेडकरलाई विधान



Downloaded from http://dhamma.digital/

भई वहाँले हिन्दू धर्मको परित्याग (धर्मान्तरण) नै गर्ने घोषणा १३ अक्टोबर १९३५ को दिनमा गर्नुभयो । त्यस दिन वहाँले धर्मान्तरण गर्न बाध्य भएको बारे बताउनु हुन्छ –

"हमने हिन्दू समाजमे समानताका दर्जा हासिल करने के लिए हर तरह की कोशिशे की और सत्याग्रह किए, परन्तु सब बेकार । हिन्दू समाजमे समानता के लिए कोई स्थान नही है । हिन्दू धर्मका त्याग करने से ही हमारी परिथिति में सुधार हो सकेगा धर्मान्तरण के सिवा हमारे उद्धारका और कोई दूसरा मार्ग नही है।"

पूना-पैक्टपछि पनि कयौं स्थानमा अछूतहरूलाई विभिन्न किसिमको यातना ब्राम्हणवादीहरूले दिएका थिए । ती सबै घटना-हरु महात्मा गान्धीको छत्रछायाँमा भएको थियो किनकि पूना-पैक्ट शुद्ध हृदयबाट भएको थिएन । यी विभिन्न कारणहरूले देशभरका अछूत नेताहरु समेत जम्मा भई "येवला" मा विशाल सम्मेलन बोलाइएको थियो । त्यही दिन वहाँले धर्मान्तरणको घोषणा गर्नु भएको थियो ।

बाबा साहेब डा० अम्बेडकरको धर्मान्तरणको घोषणाले भारतको धार्मिक, सामाजिक र राजनैतिक क्षेत्रमा निकै खलवली (सनसनीपूर्ण) मच्चिएको थियो । त्यसबेला वहाँ र वहाँका अनुयायीहरूलाई आ-आफ्नो धर्मया परिणत गराउन भारतमा विद्यमान सारा धर्म (इशाई, मुस्लिम, जैन, सिख, आर्य समाजी आदि) का प्रतिनिधिहरूले विभिन्न प्रकारको लोभ-लालचहरू देखाई आ-आफ्नो धर्म ग्रहण गर्न आग्रह गरेका थिए ।



Downloaded from http://dhamma.digital/

त्यस बेलाको स्थितिबारे महापण्डित राहुल सांकृत्यायनको कथनबाट पनि स्पष्ट बुझ्नसकिन्छ। "नवदीक्षित बौद्ध"- मा वहाँले लेख्नुभएको छ –

"जिस तरह सन् १२६०-७० में कुवलेखान (मंगोल चिनी सम्राट्) को अपने धर्म में करने के लिए दुनियाँ के दीन और मजहब (धर्म) दौड पडे उसी तरह अम्बेडकर के लिए हुइ थी। उस समय इशाई, मुसलमान आर्यसमाजी सभी दौड पडेथे। जानते थे, अम्बेडकर करोडौं आदमियोंका वास्तविक नेता है। हमारे धर्म मे आनेपर उसके लाखों अनुयायी हमारे मत मे आ जायेंगे। सिक्खों ने अम्बेडकर और उनके अनुयायिको अपने मतमे दीक्षित करने के लिए लाखों रूपये (उस बखत) जम्मा किये। असफल होनेपर उन्होने उस रूपयें से बम्बई में "खालसा कालेज" के नाम से एक विशाल कालेज स्थापित कर दिया जो अब भी शिक्षाका उपयोगी काम कर रहा है।" —

"अपनी संस्कृति (भारतीय) के स्नेह ने अम्बेडकरको ईशाई और इस्लाम धर्मको स्वीकार करने के लिए तैयार होने नही दिया यद्यपि दोनों की तरफ से उन्हे अपनी ओर खिचने के लिए भारी प्रयत्न (प्रलोभन) हुये थे।"... —

"कुबलेखानको अन्तमे लामा फग्शन्पा बौद्ध धर्म की ओर आकृष्ट करने मे सफल हुये। अम्बेडकर के पास कोई लामा फग्श-पा जैसा महान् विद्वान् बौद्ध आचार्य नही पहूँचा। बौद्ध धर्मकीपुस्तकें जरूर उनके पास गई। अम्बेडकर सुशिक्षित, सुसंस्कृत



Downloaded from http://dhamma.digital/

अछूतहरूसित सम्झौता गर्नु पर्छ जसलाई हिन्दूहरू दास वा अति शुद्र सम्झन्छन् ।

ब्रिटिश प्रधान मन्त्रीको जवाफले हिन्दू नेताहरूमा डाँवाडोल भयो किनकि स्थिति विकट मोडमा पुगि सकेको थियो । सारा देशमा क्षोभ र चिन्ताको वातावरण पैदा भयो । गान्धीजीको प्राण बचाउन सारा नेताहरूको दौड धूप शुरू भयो । पण्डित मदनमोहन मालवीयको अध्यक्षतामा बम्बईमा १९ सेप्टेवरका दिन सार्वजनिक सभा भयो जसमा डा० अम्बेडकरले पनि वोल्नु भएको थियो । वहाँलि स्पष्ट रूपमा भन्नुभयो –

"दलित जातियो के हितों के विरुद्ध गान्धीजीका आमरण उपवास करना दुःखजनक है । यह उचित है कि गान्धीजीका जीवन बचाने के लिए प्रत्येक मनुष्यको प्रयत्न करना चाहिए परन्तु एक बात निश्चित है कि गान्धीजीका जीवन बचाने के लिए मैं दलितो के हितो के विरुद्ध किसी प्रस्ताव के पक्षमे नही होऊँगा ।"

महात्मा गान्धीले २० सितम्वर १९३२ देखि आमरण अनशन शुरू गरिहाले । त्यसकारण फेरि एक पटक भारतका सम्पूर्ण नेताहरू बम्बई आई गान्धीको प्राण बचाउन आपसमा सरसल्लाह बढाउन थाले । डा० अम्बेडकरले पनि गान्धी कै मुखबाट पृथक् निर्वाचनको सट्टा (बदला)मा कुन सहुलियत दिने हो स्पष्ट नभएसम्म आफ्नो निर्णयलाई नछोड्ने प्रतिज्ञा गरि राख्नुभएको थियो ।

सम्पूर्ण हिन्दू र कांग्रेसहरूले आखिरी शास्त्रको रूपमा डा० अम्बेडकरलाई विभिन्न किसिमको दवाब, धम्की आदिको सहारा



Downloaded from http://dhamma.digital/

लिई साम्प्रदायिक निर्णयको विरुद्ध आफ्नो पक्षमा लिन खोजेका थिए। यहाँ सम्म कि यदि गान्धीजीको अनशन बस्दा बस्दै मृत्यु हुन गएमा बाबा साहेबलाई पनि साथै जिउँदै दाहसंस्कार गर्ने सम्म कुरा उठाएका थिए।

आखिर २४ सितम्बर १९३२ का दिन डाक्टरले गान्धीको स्वास्थ्यको रिपोर्ट नाजूक अवस्थामा पुगेको खबर दिनासाथ डा० अम्बेडकरले पनि दूरदर्शिता अपनाई देशको निमित्त दुई-दुई वटा अप्रिय घटना (गान्धीको मृत्यु र स्वाभाविक हानिकारक प्रतिक्रिया) हुन नदिन बाध्यवश २४ सितम्बरको दिन मै माहात्मा गान्धीसित यरवदा (पूना) जेल मै सम्झौता गर्नु भयो। यसैलाई "पूना पैक्ट" भनिन्छ।

पूनापैक्ट पछि अछूतोद्धारको निमित्त "अस्पृश्यता निवारक संघको स्थापना भयो जो पछि "हरिजन सेवक संघ" को रूपमा परिणत भयो। यस संघको सेन्ट्रल बोडमा ८ सदस्यहरू मध्ये ३ दलित जातिकाहरूमा डा० अम्बेडकर पनि एक हुनुहुन्थ्यो। यस संघले बहुमतको आधार लिई त्यस्तो प्रस्ताव अगाडि ल्याइदिए जुन प्रस्ताव डा० अम्बेडकरले कुनै हालतमा पनि स्वीकार गर्नु हुन्नथ्यो तिनीहरू (हिन्दू + कांग्रेस) को ध्येय जसरी भएपनि त्यस सस्थाबाट डा० अम्बेडकर लगायत दलित जातिको प्रतिनिधित्व निमूल गर्नु थियो।

यसरी बाल्यकाल देखि डा० अम्बेडकरलाई सवर्ण हिन्दूहरूले धर्म को आड लिई पूनापैक्टसम्म बेइमानी गर्दै आएको कारण बाध्य



Downloaded from http://dhamma.digital/

परिषदले पुन: एक महान् उत्तरदायित्वपूर्ण कार्य सुम्प्यो त्यो हो स्वतन्त्र भारतको संविधानको मस्यौदा समितिको अध्यक्ष पद ।

विधान - शाश्त्रको प्रकाण्ड पण्डित डा० अम्बेडकरले पनि आफ्नो अथक परिश्रमद्वारा संविधानको मस्यौदा (प्रारूप) तयार गर्नुभई ४ नवम्बर १९४८ का दिन विधान सभामा पेश गर्नुभयो । २६ नोभेम्बर १९४८ का दिन त्यो मस्यौदा विल विधान सभाले पास गरेको थियो ।

स्वतन्त्र भारतको संविधान पूर्णरूपमा तयार भइसकेपछि २६ जनवरी १९५० देखि लागू गरिएको थियो, जुन दिनलाई "गणतन्त्र दिवसको रूपमा मानि सार्वजनिक छुट्टीको घोषणा गरिएको थियो ।


वहाँ मन्त्रिमण्डलमा रहनुभएको बेला संविधान सभामा राष्ट्रिय प्रतीकको प्रश्न उठ्दा गान्धीजीले चर्खालाई स्थान दिन खोजे भने डा० अम्बेडकरले "अशोक चक्र वा धर्मचक्र" को प्रस्ताव अगाडि ल्याइदिए, जुन प्रस्तावलाई संविधान सभामा सर्व-सम्मतिबाट पास गरेको थियो । अत: त्यस प्रतीकलाई वहाँले राष्ट्रिय झण्डा, मुद्रा र राष्ट्रपति भवनमा पनि समावेश गराउनुभएको थियो ।

बाबा साहेब डा० अम्बेडकरले भारतीय संविधानको मस्यौदा तयार गर्नुभएपछि हिन्दू समाजको सुधार गर्ने लक्ष्य राखी "हिन्दू कोड विल" (Hindu Code Bill) नामक एक मस्यौदा पनि तयार गर्नुभयो, जुन विल सन् १९४८ मा लोकसभामा पेश गर्नुभएको थियो ।

डा० अम्बेडकरले २४ फरवरी १९४९ का दिन "हिन्दू कोड



Downloaded from http://dhamma.digital/



बाबासाहेब डा० अम्बेडकर चतुर्थ विश्व बौद्ध सम्मेलनमा "बुद्ध-धर्म र साम्यवाद" विषय विशेष भाषण दिनुहुदै ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

विल" लाई बहसको निमित्त लोकसभामा पेश गर्नुभएको बेला भन्नु भएको थियो –

"यदि आप हिन्दू प्रणाली, हिन्दूसंस्कृति और हिन्दू समाजको रक्षा करना चाहते हैं, तो उसमे जो खराबियाँ पैदा हो गई हैं, उनको सुधार ने मे तनिक भी हिच्किचाहत न करे। "हिन्दू कोड विल" हिन्दूप्रणालीके केवल उन्ही अंशोका सुधार चाहता हैं, जो विकृत होगये है। इससे अधिक कुछ नही।"

तर, विल प्रस्तुत हुना साथै लोकसभामा ठूलो खलबलो मच्चियो। प्रधानमन्त्री जवाहरलाल नेहरु विलको पक्षमा थिए भने बनारसमा गई ब्राम्हणहरुको चरणामृत ग्रहण गर्ने राष्ट्रपति डा० राजेन्द्र प्रसाद र महान् कांग्रेसी नेता सरदार बल्लभभाई पटेल विलको कट्टर बिरोधी थिए। लोकसभा भित्रनै स्थिति त्यस्तो थियो भनेर बाहिरका सनातनी हिन्दूहरुको स्थिति त झन भयावह हुने भयो। तिनीहरुले विलको बिरोधमा देशव्यापी बिरोध र प्रचण्ड प्रदर्शन शुरू गरे र महिलाहरूको तर्फबाट पनि प्रदर्शन गराए।

यसरी प्रगतिशीलताको दृष्टिकोणबाट हिन्दूसमाजलाई सुसं-गठित र मजबूत बनाउन तयार गरिएको हिन्दू कोड विललाई एक अछूत जातीय विद्वान्को तर्फबाट हिन्दूसमाजको सुधार गर्न चाहेको सहन नसक्नुको साथै "हिन्दू कोड विल" पूर्ण रूपमा हिन्दू-वर्ण व्यवस्थामाथि वज्रप्रहार सावित भएको ठानी पुरातन पथी कट्टर हिन्दू र केही प्रमुखकांग्रेसी नेताहरूको बहुमतको आधारमा हिन्दू कोड विलको प्रश्नलाई सदाको निमित्त मुक्त (रद्द) गरिदिए।



Downloaded from http://dhamma.digital/

नेताहरू सबैले वहाँमाथि मार्मिक श्रद्धाञ्जली समर्पण गरे।

बाबा साहेबको शवलाई विशेष वायुयानद्वारा दिल्लीबाट वहाँको कर्मभूमि स्थल बम्बई लगिएको थियो। बम्बईमा वहाँको अन्तिम दर्शनार्थ एकत्रित लाखौं अपार जनसमूह बारे प्रत्यक्षदर्शी डा० जी० पी० प्रशान्त "बाबा साहेबका जीवन संघर्ष" मा लेख्नुहुन्छ

'बाबा साहेबका शव लेकर जहाज लगभग आधीरातको बम्बई शान्ताक्रुज हवाई अड्डे पर मंडराने लगा। जहाजको उतरते देख जाडों की ठिठुरती रात मे एकत्रित जनसमूह चीख मारकर रो पडा। रोदन के स्वर वायुमण्डलको चीरते हुए उत्तरते जहाज मे सुनाई पडने लगे। बम्बई मे इतनी बडी जनता ने एक साथ इतने अधिक आँसू कभी नही बहाये जितने इस महामानव के प्रस्थान पर।"

विमान स्थलबाट वहाँको शव विशेष वाहनमा राखी ५ माइलको बाटो (सडकको दायाँ-बायाँ अपार जनसमूहले परिपूर्ण) पार गरि दादर स्थित वहाँको बंगला "राजगृह" मा ल्याइएको थियो।

७ दिसम्बर १९५६ का दिन, बिहान ५ बजे शवयात्रा "राजगृह" पुगेको थियो। त्यहाँ देखि पूना, सतारा, नासिक आदि महाराष्ट्र प्रान्तको विभिन्न ठाँउबाट वहाँको शव-दर्शनको निमित्त अपार जनसमूहको आवागमन भएको थियो।

शुक्रवार, ७ दिसम्बरको, मध्यान्हको २ बजे, बाबा साहेब डा० अम्बेडकरको शवयात्रा (दाह संस्कारको निमित्त) पुनः शुरू भयो। दश लाख भन्दा बढी जन-समूह एकत्रित भएको त्यस



Downloaded from http://dhamma.digital/

शवयात्रा शिवाजीपार्कको चौपाटीमा पुगेपछि (३ माइल लामो शवयात्रा) श्मसानसभाको रूपमा परिणत भयो।

त्यस सभामा मराठी साप्ताहिक "नवयुग" का संपादक एवं साहित्यकार आचार्य अत्रेले बाबासाहेबको श्रद्धाञ्जली अर्पित गर्दै भन्नुभएको थियो -

"बाबा साहेब की मृत्यु याने एक महान् जीवनका अन्त हुआ। बौद्ध धर्म अपना कर हिन्दू धर्म से बदला लेने की उनकी इच्छा नही थी। उनकी इच्छानुसार लोकसभा "हिन्दू कोड बिल" पास करती, तो वह धर्मान्तर कभी न करते। हिन्दू धर्म मे सुधार करने के लिये ही उन्होने यह क्रान्तिकारी निर्णय किया, बदला लेने के लिए नही। उनको हमने सताया, सरकार नें सताया, ऐसे समय में वह कहाँ जाये ? आखिर वह बुद्ध की शरण मे गये और बुद्धने उनको हमेशा के लिए आश्रय दिया।"

बौद्ध भिक्षुहरूद्वारा अन्त्य-विधि पूरा गरी सकेपछि बाबा साहेबको शव चितामाथि राखियो। बेलुका (७ दिसम्बर) ७.२० बजे बिगुल बजाइसकेपछि वहाँका एक मात्र पुत्र यशवन्तराव अम्बेडकरले अग्निसंस्कार गर्नुभयो र केही क्षण मं वहाँको पार्थिव शरीर अनन्तमा विलीन भयो।

यसरी २० औं शताब्दीका महान् स्मृतिकार (संविधान निर्माता), दलित वर्गका सर्वमान्य नेता, अत्युत्तम दूरदर्शी एवं उत्कृष्ट विद्वान्, कोलम्बिया विश्वविद्यालयबाट एल० एल० डि० को सम्मान प्राप्त, महान् बौद्ध विभूति बुद्ध निर्वाणको २५०० औं बर्षको समययां



Downloaded from http://dhamma.digital/

"३० साल तक बराबर बौद्ध-धर्मका अध्ययन करने और उसे समझने के बाद ही इस धर्मको मैंने ग्रहण किया। इस धर्मान्तरण से मैं बडा ही खुश हुआ हूँ और प्रफुल्लित हो उठा हूँ। मुझे ऐसा मालूम होता है कि मैं नरक से छूटकारा पा गया हूँ। मुझे कोई अन्धभक्त नही चाहिये। जो लोग बौद्ध-धर्म में आना चाहते है उन्हे खूब सोच समझ कर आना चाहिए ताकि वे आगे इस धर्म मे सुदृढ रह सके।"

यस धर्मान्तरणको ठीक १ महिना पछि नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न हुन लागेको थियो। त्यस कारण शारीरिक स्थिति ठिक नभएतापनि वहाँ एक बौद्ध नेताको रुपमा सम्मिलित हुन नेपालमा आउनुभएको थियो। २० नोभेम्वर १९५६ का दिन टुंडिखेलको सम्मेलन स्थानबाट "बुद्धधर्म र साम्यवाद" विषयक एक विशेष भाषण दिनुभएको थियो।

वहाँ बौद्ध घोषित भइसकेता पनि सनातनी कट्टर हिन्दूहरू वहाँलाई अझै पनि "अछूत" नै सम्झिराखेका थिए। त्यसकारण सम्मेलन समाप्तिपछि नेपाल सरकारलाई भय उत्पन्न भयो कि डा० अम्बेडकरलाई पशुपति नाथको मन्दिरमा प्रवेश निषेध गराउन बाबा साहेबको निजी सचिवलाई आग्रह गऱ्यो। पछि त्यही कुरा बकवासको रूपमा फैलियो। बाबा साहेब डा० अम्बेडकरलाई पशुपति नाथको मन्दिर दर्शन गर्न रोक लगाइयो भनी प्रचार भएको त्यस बकवासको स्पष्टीकरण दिंदै वहाँले सारनाथमा भन्नुभएको थियो –



Downloaded from http://dhamma.digital/

"यह समाचार गलत है कि मैं काठमाण्डू मे पशुपति के मन्दिर मे जाने से रोक दिया गया। मैं किसी भी हिन्दूमन्दिर मे नही जाता। यदि मुझसे सौबार भी प्रार्थना की जाती तो भी मैं पशुपति नाथ के मन्दिर मे न जाता। रोक देनेका अर्थ यह होता है कि जाने का इरादा रखनेवाले या जाने की इच्छा प्रकट करने वाले अथवा जा रहे को रोका जाय। किन्तु जिसने जाने का न संकल्प किया, न इच्छा प्रकट की और न जानेका प्रयत्न ही किया उसके सम्बन्ध में यह कहना कि उसे रोक दिया गया, शरारत भरा प्रचार मात्र है।"

डा० अम्बेडकर काठमाण्डौबाट २४ नोभेम्बर १९५६ का दिन सारनाथ पुग्नुभएको थियो र सारनाथमा ४ दिन रही २७ नोभेम्बर-को मध्याह्नमा कुशीनगर पुग्नुभएको थियो। कुशीनगरबाट सिधा दिल्ली जानुभएको थियो।

वहाँ दिल्ली पुग्नुभएको केही दिन पछि (सारनाथबाट जानु भएको ९ दिन पछि) ५ दिसम्बर १९५६ का दिन रातको ११ बजे-पछि शयन गर्न जानुभएका वहाँ रातको कुन प्रहारमा निधन भयो, कसैलाई अवगत भएन। ६ दिसम्बरको विहान नोकरले बेड-टी (विहानको चिया) लिएर गएको वेला मात्र वहाँले यो संसार छोडेर गइसकेको थाहा पाइयो।

डा० अम्बेडकरको निधनको खबर तुरुन्तै देशभर फैलियो। वहाँको सम्मानमा राज्यसभा र लोकसभा दुवैको बैठक स्थगित गरिएको थियो। प्रधानमन्त्री पं. जवार लाल नेहरू लगायत राष्ट्रिय



Downloaded from http://dhamma.digital/

अधिकांश काग्रेसी नेताहरूको सुधार विरोधी पक्षको कारण "हिन्दू कोड विल" लाई गरेको दुर्गतिलाई सहन नसकी डा० अम्बेडकरले १९५१ को सितम्बर महिनामा मन्त्री पदबाट राजिनामा दिनुभयो र दिल्लीबाट बम्बई जानुभयो।

बम्बईबाट पुन: वहाँ लोकसभाको निमित्त आन्दोलन, शुरु गर्नुभयो। अनुसूचित जाति संघ र समाजवादी दलले वहाँको पक्ष लिएको थियो। सन् १९५२ को जनवरी महिनामा भएको त्यस चुनावमा जातीय घृणाको कारण वहाँ पराजित हुनुभएको थियो। भारतीय संविधानका प्रमुख निर्माता डा० अम्बेडकर त्यही संविधान अनुसार भएको पहिलो चुनावमा पराजित हुनु आश्चर्यजनक घटना थियो। दुई बर्ष पछि मई १९५४ मा नागपुर क्षेत्रबाट वहाँ पुन: उपचुनावमा उम्मेदवार हुनुभएको थियो, त्यसवेला पनि कांग्रेसको तर्फबाट बिपक्ष उम्मेदवार खडा गरी डा० अम्बेडकरलाई पराजय गराइदिएको थियो।

अपमानमाथि अपमान सहँदै जानुको यो अन्तिम चरण वा पराकाष्ठामा पुगिसकेको थियो। अछूत भएर पनि हिन्दू नै भएर समानता प्राप्त गर्ने वहाँको चिन्तनधारा सदाको निमित्त बिलीन भयो।

सन् १९४५ मा डा० अम्बेडकरले "पिपुल्स एजुकेशन सोसाइटी" (Peoples Education Society) को स्थापना गर्नुभएको थियो, जुन सोसाइटीले सन् १९४६ मा बम्बईमा "सिद्धार्थ कलेज" को स्थापना गर्नुभएको थियो भन्ने त्यस्तै सन् १९५० औरंगाबादमा "मिलिन्द कलेज (महाविद्यालय)" को स्थापना गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital/

यसरी डा० अम्बेडकरले दलित वर्गको निमित्त उच्च शिक्षा हासिल गराउन शुरुदेखि नै प्रयत्न गर्नु भएको थियो। मन्त्रिमण्डलबाट त्यागपत्र दिनु भएपछि वहाँले विशेष रूपमा शिक्षाको क्षेत्रमा र बुद्ध धर्मको प्रचार प्रसारमा अग्रणी भूमिका निभाउनुभएको थियो।

सन् १९५० मा श्रीलंकामा भएको प्रथम विश्व बौद्ध सम्मेलनमा बाबा साहेब एक सम्माननीय दर्शकको रूपमा उपस्थित हुनुभएको थियो। त्यस्तै सन् १९५४ मा बर्मामा भएको तेश्रो विश्व बौद्ध सम्मेलनमा वहाँ एक दर्शकको रूपमा मात्र नभई एक विशेष प्रतिनिधिको रूपमा नै भाग लिनुभएको थियो।

डा० अम्बेडकर महार जातिमा जन्मनु भएको कारण वहाँलाई गर्व पनि थियो किनकि महार जातिका सेनाहरूले पहिलो र दोश्रो विश्व युद्धमा गोरखालीहरूले जस्तै अदम्य साहस र शुर वीरताको परिचय दिएका थिए।

अत: डा० अम्बेडकरले पनि तिनै महार जातिका नौजवानहरूलाई संगठित पारी 'समता सैनिक दल' को नामले एक सैनिक दलको पनि प्रबन्ध गर्नभएको थियो।

**यीनै सैनिक दलले सत्याग्रहको समयमा, साथै नागपुरमा भएको बौद्ध दीक्षान्त समारोहमा कडा पहरा दिई त्यस अभूतपूर्व** ऐतिहासिक पर्व सफल तुल्याएको थियो।

उक्त दिन (१४ अक्टोवर १९५६-विजयादशमी) वहाँले उपस्थित विशाल जन-समूहलाई एक सारगर्भित भाषण दिनुभएको थियो। वहाँले भन्नुभएको थियो –



Downloaded from http://dhamma.digital/

बढिमा नै आफ्नो शुरू देखि (बाल्यकाल देखि) को क्रान्तिकारी जीवन ६५ बर्षको उमेरमा अन्त गर्नु भयो ।

वहाँको स्मृति स्वरूप वहाँको शरीरान्तपछि अन्त्येष्ठि सम्म साथ दिनुभएका विशिष्ट बौद्ध विद्वान् भदन्त आनन्द कौशल्यायन भन्नुहुन्छ –

"डा० भीमराव अम्बेडकर आधुनिक युरोपियन वेशभूषा पहनते थे, और वही अन्ततक पहनते रहे । वह "बाबा साहेब" बने सिर्फ दिल और दिमाग के यथार्थ गुणों के कारण ही । उन्हें बाबा साहेब कहलाने के लिए लंगोटी लगाने की जरूरत न पडी ।

लाखों, करोडों नर-नारियों को कोई एक व्यक्ति कितना 'प्रिय' हो सकता है यह बाबा की 'अन्त्येष्ठि' और 'अस्थिचयन' के दिन ही समझ मे आया ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# – सन्दर्भ –

४) बाबासाहेब डा. आम्बेडकर –सूर्य नारायण त्रिपाठी
एवं डा. ईश्वर प्रसाद वर्मा
–साहित्य केन्द्र प्रकाशन, १९८८

१) बाबासाहेब –भदन्त आनन्द कौशल्यायन
–भारतीय बौद्ध शिक्षा परिषद
जेतवन महाविहार, श्रावस्ती, वलरामपुर

५) बाबासाहेब डा. भीमराव अम्बेडकरका जीवन संघर्ष
–डा. जी. पी. प्रशान्त
-कल्चरल पब्लिशर्स लखनऊ -१९८५

३) डा. बाबासाहेब अम्बेडकर –विजय कुमार पुजारी
–पुजारी प्रकाशन, दिल्ली-६

५) बाबासाहेब अम्बेडकर –डा० राधा कृष्ण शर्मा
–राजपाल एण्ड सन्स -१९८८

६) डा. अम्बेडकर बौद्ध क्यों बने ? –कंवल भारती
–समता साहित्य प्रकाशन
लखनऊ - १९८३

७) मनुस्मृति जलाई गई क्यों ? –डा. भदन्त आनन्द
कौशल्यायन
–भिक्खु निवास प्रकाशन
दीक्षा भूमी, नागपुर –बु. सं २५२५

Downloaded from http://dhamma.digital/

# लेखकको प्रकाशित पुस्तकहरू

(१) नेपालको इतिहासमा कलंकित घटना

(२) भिक्षु धर्मालोक महास्थविर

(३) बौद्ध जगतका स्मरणीय व्यक्तिहरू (प्रथम भाग)

(४) बाबा साहेब डा० अम्बेडकर



मुद्रकः– ओम प्रिन्टिङ्ग प्रेस ओमबहाल २२२४५७

Downloaded from http://dhamma.digital/